# गैर आवासीय नेपाली संघको विधान २००३को संसोधन प्रस्ताव २००७ पारित

यहि अक्टुवर १५ देखि १७ सम्म काठमण्डौमा सम्पन्न गैर आवासीय नेपाली संघको तेश्रो विश्व सम्मेलन तथा तेश्रो अन्तराष्ट्रिय महाधिवेशनमा संघको विधान संसोधन गर्न कार्य समितिका २५ प्रतिशत पदाधिकारी सदस्यहरुको हस्ताक्षर सहित टेवुल गरिएको संसोधन प्रस्ताव उपर उपस्थित प्रतिनिधिहरुले छलफल गरि वक्ताहरुले छलफलका क्रममा उठाएका विचारहरु र समय अभावका कारण छलफलमा सहभागी हुन नसक्नु भएका प्रतिनिधिहरुका लिखित विचारहरुलाई हलले विधान संसोधन प्रस्ताव मस्यौदा समितिका संयोजक तथा विधान उपरको छलफल सत्रका अध्यक्ष मण्डलका अध्यक्ष गणेश इजम तथा सदस्य हेम राज शर्मा, सदस्य महेश श्रेष्ठ, र सदस्य भवानी ओली रहनु भएको अध्यक्ष मण्डललाई हलले दिएको म्यण्डेट अनुरुप गैर अवासीय नेपाली संघको विधान २००३को संसोधन प्रस्ताव २००७ पारित भएको घोषणा गर्दछौं । विधानमा केही कमी कमजोरीहरु रहेका भए संघको आगमी चौथो अन्तराष्ट्रिय महाधिवेशनले संसोधन गर्ने नै छ ।

| | | | |
|---|---|---|---|
| अध्यक्ष | गणेश इजम | हङकङ | ........................................ |
| सदस्य | भवानी ओली | अस्ट्रेलीया | ........................................ |
| सदस्य | महेश श्रेष्ठ | जापान | ........................................ |
| सदस्य | हेम राज शर्मा | युके | ........................................ |

मिति अक्टुवर १७, सन् २००७

## गैर आवासीय नेपाली संघको विधान २००३
## (२००७ को संशोधन सहित मिलाइएको रुपमा)

### प्रस्तावना

नेपालको विकास र प्रवर्द्धनमा टेवा पऱ्याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैर आवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि इस्वी सन् २००३ मा लण्डनमा सम्पन्न गैर आवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भइ आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकारप्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको स्थापना गर्नको लागि यो विधान बनाइएको छ ।

### परिच्छेद - १

१. नाम र प्रारम्भ

१.१. यस संस्थाको नाम गैर आवसीय नेपाली संघ (यसपछि यस विधानमा संघ भनिएको छ) हुनेछ । अंग्रेजीमा यस संस्थालाई Non-Resident Nepali Association र छोटकरीमा NRNA भनिनेछ ।

१.२. यो विधान अधिवेशनबाट पारित हुनासाथ लागू हुनेछ ।

२. यस संघको मूल मन्त्र "नेपालीका लागि नेपाली" हुनेछ ।

३. संघको आफ्नो छुट्टै छाप, प्रतीक चिन्ह, लेटर हेड, सदस्यता आवेदन फर्म, सदस्यता परिचयपत्र र शपथको नमूना हुनेछ ।

४. संघ नेपालमा दर्ता हुनेछ र यसको सचिवालय पनि नेपालमा स्थापना गरिनेछ ।

### परिच्छेद - २

५. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

५.१. "गैर आवसीय नेपाली" भन्नाले नेपाली मुलको विदेशी नागरिक वा चालु अर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु बाहेकका अन्यदेशहरुमा अध्ययन पेशा रोजगारी वा व्यावसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउंदछ ।

५.२. "संघ" भन्नाले गैर आवसीय नेपाली संघ लाई जनाउनेछ ।

५.३. "अन्तर्राष्ट्रिय समन्वय परिषद्" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

५.४. "राष्ट्रिय समन्वय परिषद" भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

५.५. "सम्मेलन" भन्नाले संघको विश्व सम्मेलनलाई जनाउनेछ ।

५.६. "अन्तराष्ट्रिय महाधिवेशन" भन्नाले संघको अन्तर्राष्ट्रिय महाधिवेशनलाई जनाउनेछ ।

५.७. "विशेष महाधिवेशन" भन्नाले संघको विशेष महाधिवेशनलाई जनाउनेछ ।

५.८. "राष्ट्रिय महाधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषदको अधिवेशनलाई जनाउने छ ।

५.९ "अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित क्षेत्रीय समन्वय परिषद्हरुको अधिवेशनलाई जनाउने छ ।

५.१०. "सचिवालय" भन्नाले संघको दैनिक कार्य सञ्चालनार्थ नेपालमा स्थापना गरिएको कार्यालयलाई जनाउनेछ।

५.११. "कार्यालय पदाधिकारी" भन्नाले, अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष तथा क्षेत्रीय संयोजकहरु तथा क्षेत्रीय उपसंयोजकहरुलाई सम्झनु पर्छ।

५.१२. "अध्यक्ष" भन्नाले संघको अध्यक्षलाई जनाउने छ।

५.१३ "उपाध्यक्ष"भन्नाले संघको उपाध्यक्षलाई जनाउनेछ ।

५.१४. "महासचिव" भन्नाले संघको महासचिवलाई जनाउने छ।

५.१५. "सचिव" भन्नाले संघको सचिवलाई जनाउनेछ।

५.१६. "कोषाध्यक्ष" भन्नाले संघको कोषाध्यक्षलाई जनाउनेछ।

५.१७. "क्षेत्रीय संयोजक"भन्नाले संघको क्षेत्रीय संयोजकलाई जनाउनेछ।

५.१८. "उपसंयोजक"भन्नाले संघको क्षेत्रीय उपसंयोजकलाई जनाउनेछ।

५.१९. "साधारण सदस्य" भन्नाले संघको साधारण सदस्यलाई जनाउने छ।

५.२०. "पञ्जिकृत सदस्य" भन्नाले संघको "पञ्जिकृत सदस्यलाई जनाउनेछ।

५.२१. "मानार्थ सदस्य" भन्नाले संघको मानार्थ सदस्यलाई जनाउनेछ।

५.२२ "सम्बद्ध सदस्य" भन्नाले संघको सम्बद्ध सदस्यलाई जनाउनेछ।

५.२३ "सल्लाहकार" भन्नाले संघको सल्लाहाकारलाई जनाउनेछ।

५.२४."कार्यकारी सचिवालय" भन्नाले अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष, क्षेत्रीय संयोजकहरु, क्षेत्रीय उपसंयोजकहरु तथ संघको प्रवक्ता रहेको कार्यकारी समितिलाई जनाउनेछ।

५.२५. "छाप" भन्नाले संघको छापलाई जनाउनेछ।

५.२६. "लेटरहेड" भन्नाले संघको लेटरहेडलाई जनाउनेछ।

५.२७. "क्षेत्रीय सम्मेलन" भन्नाले संघको क्षेत्रीय सम्मेलनलाई जनाउनेछ।

५.२८. "विश्व सम्मेलन" भन्नाले संघको विश्व सम्मेलनलाई जनाउनेछ।

५.२९. "समिति" भन्नाले संघको समितिलाई जनाउनेछ।

५.३०. "एकबचन" शब्दले बहुवचन र बहुवचन शब्दले एकवचनलाई समेत जनाउनेछ।

५.३१. "पुलिङ्ग" शब्दले स्त्रीलिङ्ग समेतलाई जनाउनेछ।

५.२८. "व्यक्ति" शब्दले प्राकृतिक र कानूनी दुवै व्यक्तिलाई जनाउनेछ।

## परिच्छेद - ३

६. उदेश्यहरु :-

विदेशमा वस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपालभित्र र बाहिर उनीहरूको उद्देश्यलाई प्रवर्द्धन गर्ने र उनीहरुलाई नेपालको हितमा योगदान गर्न परिचालन गर्नु नै संघको मुख्य उद्देश्य रहनेछ। यी उद्देश्यहरु प्राप्त गर्नका लागि संघले देहाय बमोजिमका कार्यहरु गर्नेछ।

६.१. विदेशमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रवर्द्ध गर्ने।

६.२. संसारभरिका नेपाली संघ संगठनहरुसंग समन्वय कायम गर्ने एवं विश्व सञ्जाल स्थापना गर्ने।

६.३. गैर आवासीय नेपालीको पूँजी र मानव संसाधनको लगानी नेपालको आर्थिक सामाजिक विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसँग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने ।

६.४. विदेशी मुलुकमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने ।

६.५. विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने ।

## परिच्छेद - ४

७. **सदस्यता :-**

कानून बमोजिम गैर आवासीय नेपालीको हैसियत कायम रहेसम्म यस संघको सदस्यता कायम रहनेगरि विधानको अनुसुचि ५ बमोजिमको सदस्यता परिचय पत्र प्रदान गरिनेछ । संघका सदस्यता देहाय बमोजिम चार प्रकारका हुनेछन् ।

७.१. **साधारण सदस्य :-**

चालु अर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्यदेशहरुमा अध्ययन पेशा रोजगारी वा व्यावसाय गरी बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिक यस संघका साधारण सदस्य हुनेछन् ।

७.२. **पञ्जिकृत सदस्य :-**

यस विधान अनुसार राष्ट्रिय समन्वय परिषद र अन्तराष्ट्रिय समन्वय परिषदबाट सदस्यता प्राप्त गर्ने व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् । पञ्जिकृत सदस्यले राष्ट्रिय महाधिवेशन, वा अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिन वा मतदान गर्न वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष पदवाहेक अन्य निर्वाचित हुने पदको लागि उम्मेदवारी दिन योग्य मानिनेछ ।

७.३. **सम्बद्ध सदस्य :-**

नेपाललाई सहयोग र प्रवर्द्धन गर्न चाहने गैर नेपाली मूलको व्यक्ति वा संस्था संघको सम्वद्ध सदस्य हुनेछ । यस्ता सदस्यहरुले संघको विश्व सम्मेलन, साधारण सभा र संघको सबै क्रियाकलापहरुमा भाग लिन पाउनेछन् । तर यस्तो सदस्यहरुलाई राष्ट्रिय समन्वय परिषद् वा अन्तराष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदको लागि उम्मेदवार हुन र मतदान गर्न पाउने अधिकार हुने छैन ।

७.४. **मानार्थ सदस्य :-**

गैर आवासीय नेपालीको हकहित संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई अन्तराष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ । यस्ता सदस्यहरुलाई संघको कुनै पनि निर्वाचनमा मतदान गर्ने र उम्मेदवार हुने अधिकार हुनेछैन ।

८. **सदस्यताको लागि योग्यता :-**

देहायको योग्यता पुगेको व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् ।

८.१. चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि विदेशमा रहेको

८.२. नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिक भएको

८.२. १८ वर्ष उमेर पुरा भएको ।

९. **सदस्यता शुल्क र सदस्यको विवरण :-**

९.१ पञ्जिकृत सदस्यता जारी गर्ने अधिकार राष्ट्रिय समन्वय परिषदलाई हुनेछ । सम्बद्ध सदस्यता राष्ट्रिय समन्वय परिषदको सिफारिशमा अन्तराष्ट्रिय समन्वय परिषदले प्रदान गर्नेछ ।

९.२. पञ्जिकृत सदस्यता शुल्क अन्तराष्ट्रिय समन्वय परिषदले तोके बमोजिम हुनेछ । पञ्जिकृत सदस्यता शुल्क अन्तराष्ट्रिय समन्वय परिषदको कोषमा जम्मा गरिनेछ

९.३. राष्ट्रिय समन्वय परिषदले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ । यसरी तोकीएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषदको कोषमा रहनेछ ।

९.४ राष्ट्रिय समन्वय परिषदले यसका सदस्यहरुको विवरण अन्तराष्ट्रिय समन्वय परिषद्लाई पठाउने छ ।

९.५. अन्तराष्ट्रिय समन्वय परिषदले संघको सम्पूर्ण पञ्जिकृत सदस्यहरुको अभिलेख राख्नेछ ।

१०. **सदस्यताको समाप्ति एवं सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु :-**

१०.१. प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरणयोग्य हुनेछैन ।

१०.२. यस विधान र संघको अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरुलाई प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

१०.३. पञ्जिकृत सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने तथा कुनै पनि निर्वाचित हुने पदमा उम्मेदवार हुन वा मतदान गर्ने हक हुनेछ ।

१०.४. सम्बद्ध सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक हुनेछैन ।

१०.५. कुनै पनि सदस्यहरुले लिखित रुपमा एक महिनाको सूचना राष्ट्रिय समन्वय परिषदका अध्यक्षलाई दिएर संघको सदस्यता परित्याग गर्नको लागि निवेदन गर्न सक्नेछ । निवेदन स्वीकृत भएमा राष्ट्रिय समन्वय परिषदले तोकेको मितिबाट संघको सदस्यता अन्त्य हुनेछ ।

## परिच्छेद - ५

११. **विश्व सम्मेलन**

अन्तराष्ट्रिय समन्वय परिषदले संघको विश्व सम्मेलन अन्तराष्ट्रिय महाधिवेशनको मिति सँगै मेल खाने गरी दुई वर्षमा घटिमा एक पटक आयोजना गर्ने छ । अन्तराष्ट्रिय समन्वय परिषद्ले अन्तराष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको समय, स्थान र छलफलको विषय सूची तोक्नेछ ।

१२. **क्षेत्रीय सम्मेलन :-**

कुनै क्षेत्रमा बस्ने गैर आवासीय नेपालीहरको वस्तुस्थितिलाई राम्रोसँग बुझ्न र गैर आवासीय नेपालीको हक अधिकार संरक्षणको अभियान प्रवर्द्धन गर्नका लागि अन्तराष्ट्रिय समन्वय परिषदले समय-समयमा संसारका विभिन्न भागहरुमा क्षेत्रीय सम्मेलनको आयोजना गर्न सक्नेछ ।

१३. **अन्तराष्ट्रिय महाधिवेशन :-** अन्तराष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद्बाट पठाइएका प्रतिनिधिहरु, अन्तराष्ट्रिय समन्वय परिषद्का पदाधिकारी सदस्यहरु, सल्लाहकार हरु, अन्तराष्ट्रिय

समन्वय परिषदले तोके बमोजिमका पर्यवेक्षकहरु र सम्वद्ध सदस्यहरुले भाग लिन पाउनेछन् । तर सल्लाहकार, पर्यवेक्षक र सम्बद्ध सदस्यहरुलाई मतदान गर्ने वा उम्मेदवारी दिने अधिकार रहने छैन ।

१३.१. अन्तराष्ट्रिय महाधिवेशन संघको सर्वोच्च अंग हुनेछ । अन्तराष्ट्रिय महाधिवेशन दुई वर्षमा एक पटक सम्पन्न हुनेछ ।

१३.२. अन्तराष्ट्रिय समन्वय परिषदले आवश्यक देखेमा तोकिएको अन्तराष्ट्रिय महाधिवेशनको मितिलाई पछि सार्न वा स्थगित गर्न सक्नेछ । तर यो अवधि ६ महिना भन्दा बढी हुनेछैन ।

१३.३ अन्तराष्ट्रिय महाधिवेशन र विश्व सम्मेलन हुने समय, र स्थानको औपचारिक घोषणा अन्तराष्ट्रिय महाधिवेशन हुनु भन्दा ३ महिना अगावै गरिनु पर्नेछ ।

१३.४ पञ्जिकृत सदस्यले अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिनको लागि अन्तराष्ट्रिय समन्वय परिषदले तोकेको समय भित्र आफ्नो नाम रीतपूर्वक राष्ट्रिय समन्वय परिषदमा दर्ता गराउनु पर्नेछ ।

१३.५ राष्ट्रिय समन्वय परिषद स्थापना नभएका देशका पञ्जिकृत सदस्यहरुले आफ्नो नाम तोकिएको समय भित्र रीतपूर्वक अन्तराष्ट्रिय समन्वय परिषदमा दर्ता गराउन सक्नेछन् ।

१३.६ पञ्जिकृत सदस्यले अन्तराष्ट्रिय महाधिवेशनमा उपस्थित हुनकालागि राष्ट्रिय समन्वय परिषदले जारी गरेको दर्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

१३.७ बहालवाला अन्तराष्ट्रिय समन्वय परिषदका पदाधिकारी एवं सदस्यहरुलाई संघको अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिने हक स्वतः हुनेछ ।

१३.८ अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिनकालागि प्रतिनिधिहरु चयन गरिदा पञ्जिकृत सदस्य संख्याको आधारमा अन्तराष्ट्रिय महाधिवेशन प्रतिनिधि अनुपात प्रत्येक दशजना बराबर एकजना प्रतिनिधि (१:१०) हुनेछ ।

## १४. अन्तराष्ट्रिय महाधिवेशनका कार्यहरु

अन्तराष्ट्रिय महाधिवेशनको कार्यहरु देहाय बमोजिम हुनेछ :

१४.१ अन्तराष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र अन्तराष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने ।

१४.२ अन्तराष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिको निर्वाचन गर्ने ।

१४.३ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने ।

१४.४ आवश्यक्तानुसार संघको विधानको संशोधन गर्ने ।

१४.५ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने ।

१४.६ संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषदका प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।

१४.७. अन्तराष्ट्रिय समन्वय परिषदका विभिन्न प्रतिवेदनहरु, द्वय-वार्षिक क्रियाकलापहरु र लेखा परिक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने ।

## १५. संघको विशेष अधिवेशन

अन्तराष्ट्रिय समन्वय परिषदका साधारण बहुमत सदस्यहरुले विशेष अधिवेशन बोलाउन आवश्यक भएको ठानेमा जुनसुकै बेला विशेष अधिवेशनको माग गर्न सक्नेछन् । विशेष अधिवेशन माग गरिएको ३ महिनाभित्र विशेष महाधिवेशन बस्नु पर्नेछ । विशेष महाधिवेशनको अध्यक्षता अन्तराष्ट्रिय समन्वय परिषदका अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा अन्तराष्ट्रिय समन्वय परिषदको निर्णय अनुसार दुई उपाध्यक्ष मध्ये अन्तराष्ट्रिय समन्वय परिषदले तोकेका एक जनाले

विशेष साधारण सभाको अध्यक्षता गर्नेछ । विशेष साधारण सभामा धारा १३ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । विशेष अधिवेशनले अधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ ।

## परिच्छेद - ६

### १६. अन्तराष्ट्रिय समन्वय परिषद

१६.१. अन्तराष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि संघको अन्तराष्ट्रिय समन्वय परिषद नामक एक कार्यकारी अंग हुनेछ ।

१६.२. अन्तराष्ट्रिय समन्वय परिषदमा अध्यक्ष, २ जना उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र एसियाप्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, तथा आशिनिया क्षेत्रबाट गरि जम्मा ५जना क्षेत्रीय संयोजकहरु र ५ जना उप संयोजकहरु तथा प्रत्येक देशका राष्ट्रिय समन्वय परिषदबाट निर्वाचित सदस्यहरु रहने छन् । राष्ट्रिय समन्वय परिषद गठन भइ सकेका मुलुकबाट पञ्जिकृत सदस्य संख्या निम्नतम १०(दश) देखि १००० (एकहजार) सम्ममा १ जना र सो भन्दा बढि सदस्य संख्या रहेमा सदस्य संख्याको अनुपात प्रत्येक एक हजार पञ्जिकृत सदस्य बराबर १ जना अन्तराष्ट्रिय समन्वय परिषद्को सदस्यपदमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले निर्वाचिन गर्न सक्नेछ ।

१६.३. अन्तराष्ट्रिय समन्वय परिषद्का सदस्यहरुको निर्वाचन सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले गर्नेछ । यसै विधानको धारा १६.२मा व्यवस्था बमोजिमका आवश्यक पञ्जिकृत सदस्य संख्या पुग्नासाथ राष्ट्रिय समन्वय परिषद्ले थप सदस्यहरुको चयन गरि अन्तराष्ट्रिय समन्वय परिषदमा पठाउनु पर्ने छ ।

१६.४. यस विधानमा तोकिए बमोजिमको रीत पूरा गरी साधारण सभामा भाग लिने प्रतिनिधिहरु अन्तराष्ट्रिय समन्वय परिषदको अध्यक्ष पद बाहेकका अन्य पदाधिकारीहरुको पदका लागि उम्मेदवार खडा हुन योग्य हुनेछन् । अध्यक्ष पदकालागि उम्मेदवार बन्नका लागि निज अन्तराष्ट्रिय समन्वय परिषद समन्वय परिषदको पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पदमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ ।

१६.५. अन्तराष्ट्रिय समन्वय परिषद्लाई यस विधानको अधिनमा रहि आवश्यकता अनुसार नियमावली बनाउने अधिकार हुनेछ ।

१६.६. आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषदको गठन र देहायको अवस्थामा विघटन गर्न वा मान्यता (Recognition) फिर्ता गर्ने अधिकार अन्तराष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

१६.६.१. स्थानीय कानूनले वर्जित गरेको हद बाहेक यस संघको उदेश्य अनुरुप अगाडि बढ्न अस्वीकार गरेमा

१६.६.२ अन्तराष्ट्रिय समन्वय परिषदका निर्देशनहरु पालना नगरेमा

१६.६.३ तदर्थ समिति गठन भएको बढिमा १ वर्षभित्र राष्ट्रिय अधिवेशनको आयोजना गर्न नसकेमा

१६.७. आवश्यकता अनुसार विभिन्न विभागहरुको गठन गर्ने, विभागहरुको नामाकरण गर्ने, विभागहरुका लागि आवश्यक नियमावली निर्माण गर्ने, आवश्यक्ता बमोजिम विभिन्न समितिहरुको गठन गर्ने ,पारिश्रमिक दिने वा नदिने गरी कर्मचारी नियुक्त गर्ने र तिनीहरुको तलब, एवं सेवाका शर्तहरुको निर्धारण गर्ने अधिकार अन्तराष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

१६.८. गैर आवासीय नेपाली संघलाई नेपाल र नेपालीको सर्वाङ्गिण हितमा अधिकतम योगदान पुऱ्याउन आवश्यक सल्लाह दिन सक्ने विभिन्न क्षेत्रमा विशिष्ट ज्ञान हासिल गरि सकेका

नेपाली वा गैर नेपाली विशिष्ट व्यक्तित्वहरुलाई अन्तराष्ट्रिय समन्वय परिषद्ले संघको सल्लाहकारको रुपमा नियुक्त गर्न सक्नेछ ।

१६.९. अन्तराष्ट्रिय समन्वय परिषदले कार्यालय पदाधिकारी वा सदस्यहरु मध्येबाट संघको चालु काम कारवाहीका सम्बन्धमा संघको दृष्टिकोण धारणाहरु सार्वजनिक रुपले अभिव्यक्त गर्न एक जना प्रवक्ता नियुक्ती गर्न सक्नेछ ।

१६.१०. अन्तराष्ट्रिय समन्वय परिषदलाई संघको सचिवायलय, विभागहरु वा अन्य स्थापित निकायहरु, एवं राष्ट्रिय समन्वय परिषदको क्रियाकलापहरुलाई अनुगमन गर्ने र निर्देशनहरु जारी गर्ने अधिकार हुनेछ । तर राष्ट्रिय समन्वय परिषदलाई आफूले प्रतिनिधित्व गरेको देशसँग सम्बन्धित विशेष परिस्थितिको उल्लेख गरेर पूर्नविचारको लागि आग्रह गर्ने अधिकार हुनेछ ।

१६.११. अन्तराष्ट्रिय समन्वय परिषदले आवश्यकता अनुसार विशेष समितिहरु गठन गर्न एवं तिनीहरुको अधिकार र कर्तव्यहरु तोक्न सक्नेछ। तर यस्ता समितिहरुले संघका अन्य अंग वा अन्तराष्ट्रिय समन्वय परिषदलाई विशेष रुपमा सुम्पिएका कुनै पनि कामहरु गर्ने अधिकार हुनेछैन ।

१६.१२. अन्तराष्ट्रिय समन्वय परिषदले संघको अन्तराष्ट्रिय महाधिवेशन, क्षेत्रीय सम्मेलन र विश्व सम्मेलनको आयोजना गर्नेछ ।

१६.१३ अन्तराष्ट्रिय समन्वय परिषदको पदावधि २ वर्षको हुनेछ ।

## १७. अन्तराष्ट्रिय समन्वय परिषदको बैठक

१७.१. अन्तराष्ट्रिय समन्वय परिषदको बैठक सामान्यतया तीन महिनामा एक पटक सम्पन्न हुनेछ । बैठक आवश्यकता अनुसार व्यक्तिहरु भेला भएर वा साइवर वा भिडियो सम्मेलन मार्फत सम्पन्न गरिनेछ ।

१७.२. संघको कार्यालय पदाधिकारीहरुले बैठक सञ्चालनको कार्यविधि निर्धारण गर्नेछन् ।

१७.३. संघको कार्यलय पदाधिकारीहरुले आवश्यक ठानेमा सबै सदस्यहरुलाई बैठकमा बोलाउनेछन् ।

## १८. अन्तराष्ट्रिय कार्यकारी सचिवालय

१८.१. अन्तराष्ट्रिय समन्वय परिषदका कामहरुलाई छिटो छरितो गरि सम्पन्न गर्न संघको एक अन्तराष्ट्रिय कार्यकारी सचिवालय हुनेछ ।

१८.२. अन्तराष्ट्रिय कार्यकारी सचिवालयमा अन्तराष्ट्रिय समन्वय परिषदका सम्पूर्ण पदाधिकारीहरु तथा संघका प्रवक्ता रहनेछन् ।

१८.३. अन्तराष्ट्रिय कार्यकारी सचिवालयले अन्तराष्ट्रिय महाधिवेशनबाट प्राप्त म्याण्डेट बमोजिम निर्णयहरु गर्न र सोको कार्यान्वयन गर्न सक्ने छ । अन्तराष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु अन्तराष्ट्रिय समन्वय परिषदका निर्णयहरु सो सरह हुनेछन् तर त्यस्ता निर्णयहरु आशन्न अन्तराष्ट्रि समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन गराउनु पर्नेछ । अन्तराष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन हुन नसकेको विषयको हकमा भने अन्तराष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकको निर्णय बमजिम हुनेछ ।

## १९. सचिवायलय

१९.१. संघको दैनिक कार्यहरु सन्चालन गर्न संघको सचिवायलय नेपालको काठमाडौंमा रहनेछ ।

१९.२. सचिवालयमा एकजना कार्यकारी निर्देशक, एकजना सञ्चार तथा प्रकाशन अधिकृत, एकजना लेखा अधिकृत र संघको अन्तराष्ट्रिय परिषदले नियुक्ती गरेका अन्य कर्मचारीहरु रहनेछन् ।

१९.३. संघको सचिवालय अन्तराष्ट्रिय कार्यकारी सचिवालयको नीति तथा निर्देशन अनुरुप चल्नेछ ।

१९.४. कार्यकारी निर्देशक वा उसको प्रतिनिधिले अन्तराष्ट्रिय समन्वय परिषदको बैंठकमा भाग लिन सक्ने छ । तर उसलाई मताधिकार हुने छैन ।

## २० निर्वाचन कार्यविधि :

२०.१. देहाय बमोजिम निर्वाचन सम्पन्न गर्न अन्तराष्ट्रिय समन्वय परिषद्ले एकजना आयुक्त सहित आवश्यक्ताअनुसारका सदस्यहरु रहने गरि निर्वाचन आयोगको गठन गर्न सक्नेछ । तर यसरी निर्वाचन आयोगमा अन्तराष्ट्रिय समन्वय परिषद्द्वारा निर्वाचित आयुक्त एवं सदस्यहरु अधिवेशन प्रतिनिधिहरुबाट अनुमोदित हुनु पर्नेछ ।

२०.२. अन्तराष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको निर्वाचन महाधिवेशनमा उपस्थित सम्पूर्ण पञ्जिकृत सदस्यहरुबाट हुनेछ । अन्तराष्ट्रिय समन्वय परिषदका सदस्यहरु सम्बन्धित राष्ट्रको राष्ट्रिय महाधिवेशनले गर्नेछ । तर क्षेत्रीय संयोजक तथा उप संयोजकहरुको निर्वाचन भने सम्बन्धित क्षेत्रका अन्तराष्ट्रिय महाधिवेशन प्रतिनिधिहरुबाट मात्रै हुनेछ ।

२०.३. संघको अध्यक्ष उही पदमा लगातार तीन पदावधि भन्दा बढी पदावधिको लागि पून: निर्वाचित हुन योग्य हुने छैन ।

२०.४. अन्तराष्ट्रिय समन्वय परिषदका पदाधिकारी र कार्यकारी सदस्यहरुको पद आकस्मिक रुपमा रिक्त भएमा सो रिक्त पदमा अन्तराष्ट्रिय समन्वय परिषदले अर्को बाकी कार्य अवधिकालागि पदपुर्ति गर्न सक्नेछ ।

२०.५. अन्तराष्ट्रिय समन्यव परिषदको धारा २०.४ बमोजिम पद पुर्ती गर्दा अध्यक्षको हकमा २ जना उपाध्यक्ष मध्येबाट र अन्य पदाधिकारीको हकमा भने अन्तराष्ट्रिय समन्वय परिषदको निर्णय बमोजिम हनेछ ।

## २१. अन्तराष्ट्रिय परिषदका पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको काम कर्तव्य र अधिकारहरु

### २१.१. अध्यक्ष :

२०.१.१. संघको प्रंमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने ।

२०.१.२. आन्तराष्ट्रिय समन्वय परिषद्, विश्व सम्मेलन र महाधिवेशनको खुलासत्रको अध्यक्षता गर्ने ।

२०.१.३. अन्तराष्ट्रिय समन्वय परिषदले अन्यथा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने ।

२०.१.४. अन्तराष्ट्रिय समन्वय परिषदले तोकिएका अन्य कर्तव्यहरु पूरा गर्ने ।

२०.१.५. कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने

२०.१.६. अन्तराष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई जिम्मेवारी तोक्ने

२०.१.७ क्षेत्रीय संयोजकहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने ।

### २१.२. उपाध्यक्ष :

२१.२.१. संघको नेतृत्वका लागि आवश्यक्ता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

२१.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोके बमोजिमका कार्यहरु गर्ने ।

२१.२.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

### २१.३. महासचिव

२१.३.१. संघ र अन्तराष्ट्रिय समन्वय परिषदको सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने ।

२०.३.२. अन्तराष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन वा अन्तराष्ट्रिय समन्वय परिषदका वैठकहरुको सन्चालन गर्ने र बैठकका निर्णयहरु माइन्यूट गर्ने

२०.३.३. संघको अभिलेख राख्ने र क्षेत्रीय संयोजकहरु मार्फत राष्ट्रिय समन्वय परिषदहरुलाई पत्रचार गर्ने, ।

२०.३.४. संघ वा अन्तराष्ट्रिय कार्यकारी सचिवालयले वा अन्तराष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

२१.४. सचिव :

२०.४.१ आवश्यक्ता अनुसार महासचिवलाई सहयोग गर्ने ।

२०.४.२. महासचिवको अनुपस्थितिमा निजले गर्नपर्ने कार्यहरु तोके बमोजिम गर्ने ।

२०.४.३. तोकिएका अन्य कार्यहरु गर्ने ।

२१.५. कोषाध्यक्ष :

२१.५.१. संघको कोष प्राप्त गर्ने र जिम्मामा लिने ।

२१.५.२. अन्तराष्ट्रिय समन्वय परिषद्को निर्देशन र संघको नियम बमोजिम कोषको निकासा गर्ने एवं लगानी गर्ने ।

२१.५.३ संघको विविध कोष अभिबृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने

२१.५.४ अन्तराष्ट्रिय महाधिवेशन र अन्तराष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनका लागि श्रोत साधनको परिचालन सम्बन्धि विवरण तयार गरि प्रस्ताव गर्ने ।

२१.५.५ अन्तराष्ट्रिय महाधिवेशनमा वा क्षेत्रीय सम्मेलनमा वा अन्तराष्ट्रिय समन्वय परिषदका वैठकहरुमा अन्तराष्ट्रिय समन्वय परिषदले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित वजेट तयार गरि प्रस्तुत गर्ने ।

२१.५.६ राष्ट्रिय समन्वय परिषदको कोष व्यवस्थापन र अभिलेख रखाइमा अन्तराष्ट्रिय समन्वय परिषद संग एक रुपता कायम गर्न आवश्यक सहयोग गर्ने ।

२१.५.७ सचिवालयमा नियुक्त लेखा अधिकृतलाई आवश्यक्ता अनुसार नीति निर्देशन गर्ने २१.५.८माशिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, वार्षिक लेखा प्रतिवेदन तयार गर्ने एवं लेखापरिक्षणको लागि तिनीहरुलाई संघबाट धारा २६ बमोजिम नियुक्त लेखापरिक्षको कार्यालय वा एजेन्सी कहाँ पठाउने ।

२१.५.९ अर्ध वार्षिक विवरण सम्पूर्ण अन्तराष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई तथा राष्ट्रिय समन्वय परिषदहरुलाई उपलव्ध गराउने ।

२६.३. विधानमा तोकिएका अन्य कार्यहरु गर्ने ।

२१.६. क्षेत्रीय संयोजक

२१.६.१ विधानको धारा १६.२.बमोजिम निर्वाचित क्षेत्रीय संयोजक सम्बन्धित क्षेत्रको प्रमूखको हैसियतले कार्य गर्ने ।

२१.६.२ सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषदका गतिविधिहरु सम्बन्धित मुलुकबाट निर्वाचित सदस्यहरुबाट जानकारी लिने ।

२१.६.३ आवश्यक्ता अनुसार क्षेत्रीय वैठक बोलाउने । त्यस्ता वैठकहरुको अध्यक्षता गर्ने ।

२१.६.४ सम्बन्धित क्षेत्रको गतिविधिहरुको अर्धवार्षिक विवरण अध्यक्ष समक्ष पेश गर्ने

२१.६.५ अन्तराष्ट्रिय समन्वय परिषदका निर्णयहरु कार्यान्वयन गर्ने गराउन सम्वन्धित सदस्यहरुलाई निर्देशन जारी गर्ने ।

२१.६.६ संघको क्षेत्रीय सम्मेलनको आयोजनाका लागि तथा अन्तराष्ट्रिय समन्वय परिषदको बैठकबाट पारित गरिनु पर्ने विभिन्न विषयसंग सम्बन्धित प्रस्तावहरु पेश गर्ने ।

२१.६.७ सम्बन्धित क्षेत्रमा राष्ट्रिय समन्वय परिषदहरु गठन गर्ने र राष्ट्रिय समन्वय परिषदहरुबीच संयोजन गर्ने ।

२१.७. क्षेत्रीय उप संयोजक

२१.७.१. आवश्यक्ता बमोजिम क्षेत्रीय संयोजकलाई सहयोग गर्ने ।

२१.७.२. संयोजकको अनुपस्थितिमा नीजले तोके बमोजिमको कार्य गर्ने ।

२१.७.३. तोकिएका अन्य कार्यहरु गर्ने ।

२१.८. सदस्य :

२१.८.१. अन्तराष्ट्रिय समन्वय परिषद सदस्यले आफुले प्रतिनिधित्व गरेको देशको राष्ट्रिय समन्वय परिषदको प्रतिनिधित्व गर्ने ।

२१.८.२ राष्ट्रिय समन्वय परिषदबाट सन्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका सम्बन्धमा आफ्नो राय सहित सम्बन्धित क्षेत्रीय संयोजक समक्ष अर्धवार्षिक कार्य विवरण पेश गर्ने

२१.८.३. सम्बन्धित क्षेत्रीय संयोजको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

२१.८.४ सम्बन्धित मुलुकमा सम्पन्न गरिनु पर्ने कार्यहरुको संयोजन सहित विभिन्न प्रस्ताव गर्ने ।

२१.८.५. राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

२१.८.६ अन्तराष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने

२१.८.७. अन्तराष्ट्रिय समन्वय परिषदबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

२१.९. मनोनित सदस्य

२१.९.१ अन्तराष्ट्रिय समन्वय परिषदले कम्तिमा ५जना महिला प्रतिनिधि सहित बढीमा १५ जना सम्म मनोनित सदस्यहरु निश्चित समयावधिको लागि मनोनित गर्न सक्नेछ । यसरी मनोनित सदस्यहरुमा युवाहरुको प्रतिनिधित्व समेत रहनु पर्नेछ । यी सदस्यहरुको पदावधि परिषदको पदावधि समाप्त भए पछि स्वत: समाप्त हुनेछ ।

२१.९.२ विधानको धारा २१.९.१ बमोजिम विभिन्न विषयहरुमा संघको केन्द्रीय तहमा रहि योगदान गर्न सक्ने व्यक्तिहरुको रुपमा मनोनित अन्तराष्ट्रिय समन्वय परिषदका सदस्यहरुले अन्तराष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका जिम्मेवारी हरु पुरा गर्ने ।

## परिच्छेद - ७

२२. राष्ट्रिय समन्वय परिषद

२२.१. एउटा देश भित्र बसोबास गर्ने घटीमा १० जना गैर आवासीय नेपालीहरु मिलेर राष्ट्रिय समन्वय परिषद स्थापना गर्न सक्नेछन् ।

२२.२. यो विधानको वृहत संरचना भित्र रहेर आफू बसोबास गर्ने मुलुकको स्थानीय कानून बमोजिम राष्ट्रिय समन्वय परिषदको दर्ता गरिनेछ ।

२२.३. राष्ट्रिय समन्वय परिषदको गठन तथा कार्यसमितिको ढांचा क्षेत्रीय संयोजकहरु वाहेक अन्तराष्ट्रिय समन्वय परिषदकै ढांचा बमोजिमको हुनु पर्नेछ । राष्ट्रिय समन्वय परिषदको

स्थापना वा कार्य समितिको गठन गर्दा स्थानीय सरकार र कानूनहरुले तोकेको प्रकृयाको पालना गर्न सकिनेछ ।

२२.४. यो विधानको अधीनमा रही समस्त संघको उद्देश्यहरु र लक्ष्य अनुरुप सम्बन्धित मुलुकसँग सम्बद्ध रहेका विषयमा राष्ट्रिय समन्वय परिषदले अधिकतम स्वायत्तताको उपभोग गर्नेछ ।

२२.५. यो विधानका नियमहरु , अन्तराष्ट्रिय समन्वय परिषदसँग सम्बन्धित नियमहरु र तिनीहरुमा आवश्यकताअनुसार बेला बेलामा गरिएका परिवर्तनहरु राष्ट्रिय समन्वय परिषदको क्रियाकलापमा लागू हुनेछन् ।

२२.६. राष्ट्रिय परिषदको लेटरहेड, शपथ, कार्यालयको छाप, सदस्यता आवेदन फाराम, सदस्यको परिचयपत्र र प्रतिक चिन्ह यस विधानको अनुसुचिमा तोकिए बमोजिम हुनेछ ।

२२.७ राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय अधिवेशनबाट पारित आफ्नो छुट्टै विधान हुनेछ तर राष्ट्रिय समन्वय परिषदको विधान संघको विधानसँग बाझिने गरी बनाइने छैन ।

२२.८. राष्ट्रिय समन्वय परिषदका कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ ।

## २३. राष्ट्रिय महाधिवेशन

२३.१. प्रत्येक राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय अधिवेशन संघको महाधिवेशन र विश्व सम्मेलनको मिति बढिमा ६ महिना बाँकी रहने गरि राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ ।सोही राष्ट्रिय महाधिवेशनले नै अन्तराष्ट्रिय समन्वय परिषदकालागि देशको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्नेछ ।

२३.१. राष्ट्रिय महाधिवेशन राष्ट्रिय समन्वय परिषदको सर्वोच्च अंग हुनेछ र राष्ट्रिय महाधिवैशन दुई वर्षमा एक पटक सम्पन्न हुनेछ ।

२३.२. संघका पन्जिकृत सदस्यहरुलाई आफू बसोबास गर्ने देशको राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ ।

## २४. राष्ट्रिय समन्वय परिषदको अधिकार र कर्तव्य

२४.१. राष्ट्रिय समन्वय परिषदले संघको रजिष्टर्ड सदस्यता सम्बन्धित मुलुक भित्रका गैर आवासीय नेपालीहरुलाई जारी गर्ने अधिकार हुनेछ ।

२४.२. राष्ट्रिय समन्वय परिषदलाई संघको विधानको वृहत संरचना भित्र रही क्षेत्रीय वा शाखा समितिहरु गठन गर्ने , विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्ने अधिकार हुनेछ ।

२४.३. राष्ट्रिय समन्वय परिषदलाई संघको भावना विपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको विधानको उल्लंघन गर्ने परिषदको कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्काशन गर्ने अधिकार हुनेछ । यस प्रकार निस्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाइको अवसर दिइनेछ र राष्ट्रिय परिषदको निर्णय उपर निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित सदस्यलै अन्तराष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्ने छन्।

२४.४. राष्ट्रिय समन्वय परिषदले आफुले सन्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको अर्धवार्षिक विवरण क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ ।

२४.५. राष्ट्रिय समन्वय परिषदलाई राष्ट्रिय अधिवेशनकालागि दर्ता शुल्क तोक्ने अधिकार हुनेछ ।

२४.६. राष्ट्रिय समन्वय परिषदले पन्जिकृत सदस्यता शुल्क सदस्यता वितरण गरेको मितिले ३० दिन भित्र अन्तराष्ट्रिय परिषदलाई पठाउनु पर्नेछ ।

२४.७. राष्ट्रिय समन्वय परिषदले संघको अन्तराष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पन्जिकृत सदस्यहरुको अभिलेख कायम गर्नेछ र दर्ता विवरण संघको सचिवालयलाई पठाउनु पर्नेछ ।

२४.८. राष्ट्रिय महाधिवेशनले अन्तराष्ट्रिय समन्वय परिषदमा सम्बन्धित देशको प्रतिनिधित्व गर्नका लागि अन्तराष्ट्रिय महाधिवेशनमा उपस्थित हुनेगरि पञ्जिकृत सदस्यहरु मध्येबाट अन्तराष्ट्रिय परिषदको कार्यकारी सदस्यको निर्वाचन गर्नेछ ।

## परिच्छेद - ८

### २५. संघका कोषहरु

२५.१. संघको कोषमा पञ्जिकृत सदस्यता शुल्क विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदान अनुदान, राष्ट्रिय समन्वय परिषदबाट प्राप्त अनुदान रकम र संघको विभिन्न क्रियाकलाप मार्फत प्राप्त हुने रकमहरु सामेल हुनेछन् ।

२५.२. संघको लागि प्राप्त हुने सम्पूर्ण कोषको रकमहरुको व्यवस्थापन कोषाध्यक्षले अन्तराष्ट्रिय समन्वय परिषदंको निगरानीमा गर्नेछ । अन्तराष्ट्रिय समन्वय परिषदलाई संघको हित हुने गरी कोषको रकमहरुको खर्चलाई नियन्त्रण गर्ने वा स्वीकृति दिने अधिकार हुनेछ ।

२५.३. अन्तराष्ट्रिय समन्वय परिषदले संघको आफ्नो नामको बैंक खातामा रकमहरु राख्नेछ र अध्यक्ष तथा कोषाध्यक्ष वा कोषाध्यक्ष तथा अध्यक्षबाट मनोनित एक सदस्यलाई संयुक्तरुपमा संघको लेखाको व्यवस्थापन गर्न एवं चेकमा हस्ताक्षर गर्न अधिकार प्रदान गर्नेछ ।

२५.४ अन्तराष्ट्रिय समन्वय परिषदले विभिन्न उद्देश्यहरुका लागि देहाय बमोजिमका कोषहरु स्थापना गर्न सक्नेछ ।

२५.४.१. साधारण कोष :- अन्तराष्ट्रिय समन्वय परिषदले संघको सम्पूर्ण खर्चपूर्ति गर्नको लागि एक साधारण कोष स्थापना गर्नेछ । यस कोष अर्न्तगत पञ्जिकृत सदस्यता शुल्क, संघको प्रकाशनबाट प्राप्त हुने रकम, अन्तराष्ट्रिय समन्वय परिषद वा राष्ट्रिय समन्वय परिषदले विभिन्न क्रियाकलाप आयोजना गरी उठाएको रकम र अनुदान रकमहरु पर्नेछन् ।

२५.४.२. सामाजिक कल्याण कोष :- अन्तराष्ट्रिय समन्वय परिषदले विशेष प्रकारका मानविय कल्याणका परियोजना सञ्चालन गर्नको लागि एउटा सामाजिक कल्याण कोष स्थापना गर्न सक्नेछ । कुनै संघ, संस्था, कम्पनी वा अन्य निकाय र व्यक्तिगत रुपबाट प्राप्त अनुदान रकम नै यस कोषको श्रोत हुनेछ । अन्तराष्ट्रिय समन्वय परिषदले परियोजनाको अनुगमन गर्न एक विशेष समिति गठन गर्न सक्नेछ ।

२५.४.३. अन्य कोषहरु :-

संघको उद्देश्य प्राप्त गर्नका लागि अन्तराष्ट्रिय परिषदले आवश्यक ठानेमा अन्य विभिन्न कोषहरु स्थापना गर्न सक्नेछ ।

### २६. संघको लेखा

कार्यालयका पदाधिकारीहरुले संघको आय व्ययसँग सम्बन्धित देहायका कुराहरु नेपालको तथा लेखा परीक्षण मापदण्ड अनुसार हुनेछ । यो धाराको प्रयोजनकालागि अन्तराष्ट्रिय समन्वय परिषदले लेखापरिक्षकको नियुक्ति तथा लेखापरिक्षकको पारिश्रमीक तोक्नेछ ।

### २७. बैंक खाता

संघको बैंक खाता संघको नाउमा अन्तराष्ट्रिय समन्वय परिषदले सञ्चालन गर्नेछ । खाताबाट सबै प्रकारका चेकहरु वा आदेशहरुको भुक्तानीका लागि विधानको धारा २५.३ मा तोकिए बमोजिमका दुई जना पदाधिकारीबाट सही गरिनेछ ।

## परिच्छेद-९

२८. विधानको संशोधन

२८.१. यस विधानको कुनै पनि धारा, उपधाराको संशोधन खारेजी थप घट वा परिवर्तन गर्ने प्रस्ताव अन्तराष्ट्रिय समन्वय परिषदको पदाधिकारी सदस्यहरु मध्ये २५% ले पेश गर्न सक्नेछन् । यसरी पेश गरिएको प्रस्ताव महाअधिवेशन वा विशेष महाधिवेशनमा उपस्थित दुई तिहाई बहुमतबाट पारित गर्न सकिनेछ ।

२८.२. विधानको कुनै धाराहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तत्काले लागू हुनेछ ।

२९. निष्काशन

अन्तराष्ट्रिय समन्वय परिषदका पदाधिकारी वा कार्यकारी सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजिनामा दिन लगाइनेछ । यदि सो व्यक्तिले राजिनामा दिन इन्कार गरेमा अन्तराष्ट्रिय समन्वय परिषदको बैंठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ । यसरी निष्काशन गर्नुपूर्व निजले गरेको आचरणको बारेमा स्पष्ट गर्ने उचित अवसर दिइनेछ । यस धाराको प्रयोजनकालागि अन्तराष्ट्रिय समन्वय परिषदले एक अनुशासन समितिको गठन गर्न सक्नेछ ।

३०. विधानको व्याख्या

यो विधानको व्याख्या गर्ने अधिकार अन्तराष्ट्रिय परिषदबाट स्थापित विधान सम्बन्धी समितिमा अन्तर्निहित हुनेछ । अन्तराष्ट्रिय परिषदले एक तीन सदस्यीय विधान सम्बन्धी समिति गठन गर्नेछ र ती सदस्यहरुले आफू मध्येबाट समितिको अध्यक्ष चयन गर्नेछन् ।

३१. अन्य संघ संस्थाहरुसँगको सहकारिता

संघले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं गैर नेपाली संघ संस्थाहरुसँग समन्वय गर्न सक्नेछ ।

३२. अन्तराष्ट्रिय समन्वय परिषदको विघटन

सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमत चाहेमा अन्तराष्ट्रिय समन्वय परिषद विघटन हुनेछ । अन्तराष्ट्रिय समन्वय परिषद विघटन भएको मितिले बढिमा ३ महिना भित्र विशेष महाधिवेशनको बैठकबसी नया अन्तराष्ट्रिय समन्वय परिषदको निर्वाचन सम्पन्न गर्नु पर्नेछ ।

३३. संघको खारेजी

विश्वभरका कुल पञ्जिकृत सदस्यहरु मध्ये पचहत्तर प्रतिशत सदस्यहरुले संघको साधारण सभा वा विशेष साधारण सभामा संघको खारेजी गर्ने निर्णय गरेमा संघको खारेजी हुनेछ । यस्तो खारेजी निर्णय भएको मितिले ६ महिना पछि प्रभावित हुनेछ । खारेजी गर्ने सदस्यहरुको निर्णय बमोजिम संघको सम्पूर्ण सम्पत्ति नेपालमा दर्ता भएको कुनै सामाजिक वा परोपकारी संस्थालाई हस्तान्तरण गरिनेछ ।

३४. लागू हुने कानून

यो विधान र संघको हकमा नेपालको कानून लागू हुनेछ ।

## अनुसूची-१

**संघको प्रतिक चिन्ह**

दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध वृत्तमा अंग्रेजीभाषाको ठूलो अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ ।

प्रतिक चिन्हको नमुना

उदाउँदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल ,NRNA ले गैर आवासीय नेपालीहरु , FOR NEPALI BY NEPALI ले संघको मन्त्र र दुई अर्थ वृत्तहरुको घेराले पृथ्वीको प्रतिनिधित्व गर्छ ।

## अनुसूची-२

**कार्यालयको छाप**

संघको अन्तराष्ट्रिय परिषद र राष्ट्रिय परिषदको कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको "नाम गैर आवासीय नेपाली संघ " , " Non-Resident Nepali Association' लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA. ICC र NRNA NCC –Japan (सम्बन्धित देशको नाम )लेखिएको अंग्रेजी ठूलो अक्षरको माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल अंग्रजी अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको वाक्य हुनेछ ।

## अनुसुची - ३

कार्यालयको लेटर हेडको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

## अनुसुची - ४

आवेदन फारमको नमुना

## अनुसुची - ५

संघको परिचयपत्रको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

## अनुसुची - ६

शपथ

म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम ,उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैर आवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताकासाथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

समाप्त